# नेपालमा विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७८/७९)

**नेपाल राष्ट्र बैंक**

**विदेशी विनिमय व्यवस्थापन विभाग**

असोज २०७९

## पृष्ठभूमि

१. नेपालको आर्थिक विकास र वृद्धिका लागि विदेशी लगानी तथा विदेशी ऋण महत्वपूर्ण वित्तीय स्रोतहरु हुन । यस प्रकारका लगानीका स्रोतहरुले नेपालको पुँजी अभावलाई पुरा गर्न सहयोग पुऱ्याउने र उद्यमको क्षेत्रमा आधुनिक प्रविधि एवम् नवीन विचारहरु समेत भित्र्याउने भएको हुँदा आर्थिक विकास र आर्थिक वृद्धि हासिल गर्न समेत मद्दत पुऱ्याउँछन् । नेपालले विदेशी लगानी र विदेशी ऋण आप्रवाहका लागि विभिन्न ऐन/नियम र कानूनहरु तर्जुमा गरेको छ । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले २०७८/०२/२५ मा परिपत्र जारी गरी सोपूर्व विभिन्न परिपत्र एवम् सूचनाहरुको स्वरुपमा रहेका विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित व्यवस्थाहरुलाई एकत्रित गर्दै तथा थप प्रभावकारी बनाउँदै नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ तर्जुमा गरेको तथा कार्यान्वयनमा ल्याएको छ र आवश्यकता बमोजिम समयानुकुल थप परिमार्जन तथा सुधार समेत गर्दै लगेको छ ।

२. उक्त विनियमावलीको विनियम १३ ले विनियमावली बमोजिम भए गरेका सम्पूर्ण कार्यहरुलाई समेटेर अर्धवार्षिक रुपमा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै अनुरुप आर्थिक वर्ष २०७८/७९ को पहिलो र दोस्रो अर्धवार्षिक अवधिहरुलाई समेटने गरी उक्त आर्थिक वर्षसम्ममा विदेशी लगानी तथा विदेशी ऋणको क्षेत्रमा यस बैंकबाट भए गरेका काम कारबाहीहरुको विवरण तथा तथ्याङ्कहरु सहित यो प्रतिवेदन तयार गरिएको छ ।

## विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी प्रशासनिक व्यवस्था

३. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३७ तथा दफा ३८ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २३ मा एकल बिन्दु सेवा केन्द्रको स्थापना सम्बन्धी व्यवस्था गरिएको छ । उद्योग तथा लगानीकर्ताले पाउने सेवा, छुट, सुविधा, सहुलियत तथा प्रोत्साहन सरल एवं सहज प्रक्रियाबाट उपलब्ध गराउने र सरकारका विभिन्न निकायहरुबाट उद्योग स्थापना, दर्ता, बिस्तारदेखि बहिर्गमनसम्मका उद्योग प्रशासन सम्बन्धी कार्यहरु एकै स्थानबाट उपलब्ध हुने गरी सेवा प्रवाह गर्नको लागि हाल उद्योग विभागको परिसरमा रहने गरी नेपाल सरकारले २०७६ बैशाख १६ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याएको छ ।

४ . एकल बिन्दु सेवा केन्द्र भित्र विभिन्न १४ वटा निकायहरुबाट प्रतिनिधित्व हुने गरी ८ वटा एकाइहरु रहने व्यवस्था गरिएको छ (**बक्स १**) । यीमध्ये विदेशी विनिमय सहजीकरण एकाइ यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागको एकल बिन्दु सेवा केन्द्रमा अवस्थित एउटा एकाइ रहेको छ । विदेशी विनिमय सहजीकरण एकाइले निश्चित रकमसम्मको विदेशी लगानी एवम् विदेशी ऋणको लेखाङ्कन गर्ने तथा यीसँग सम्बन्धित रकम विदेश फिर्ता लैजान स्वीकृति प्रदान गर्ने कार्य गर्नुको साथै सो निश्चित सीमाभन्दा अधिक हुन आउने निर्णयहरु तथा विदेशी लगानी एवम् विदेशी ऋण भित्र्याउने स्वीकृति प्रदान गर्ने लगायतका अन्य प्रशासनिक कार्यहरुको सन्दर्भमा आवश्यक निर्णय गराउनका लागि एकल बिन्दु सेवा केन्द्रको उद्देश्य बमोजिम सहजीकरण समेत गर्दै आएको छ (**बक्स २**) ।

**बक्स १ : एकल बिन्दु सेवा केन्द्रमा रहने एकाइ तथा निकायहरु**

| एकाइ र निकायको संख्या | एकाइ र निकायहरुको नाम |
|---|---|
| एकाइहरु - ८ | १) उद्योग दर्ता एकाइ, २) वातावरण एकाइ, ३) विदेशी विनिमय सहजीकरण एकाइ, ४) भिसा सहजीकरण एकाइ, ५) पूर्वाधार एकाइ, ६) जग्गा प्रशासन एकाइ, ७) भन्सार तथा राजस्व एकाइ र ८) प्रशासन तथा कानून एकाइ |
| निकायहरु - १४ | १) उद्योग विभाग, २) कम्पनी रजिष्ट्रारको कार्यालय, ३) आन्तरिक राजस्व विभाग, ४) उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, ५) वन तथा वातावरण मन्त्रालय, ६) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, ७) अध्यागमन विभाग, ८) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, ९) भन्सार विभाग, १०) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ११) वाणिज्य, आपूर्ती तथा उपभोक्ता हित संरक्षण विभाग, १२) नेपाल राष्ट्र बैंक, १३) नेपाल विद्युत प्राधिकरण र १४) नेपाल दुरसञ्चार प्राधिकरण । |

**बक्स २ : एकल बिन्दु सेवा केन्द्रबाट सम्पादन हुने केही मुख्य कार्यहरु**

- उद्योगको दर्ता, अनुमति, ईजाजत, स्थापना, नवीकरण, कारोबार अनुमति, क्षमता बृद्धि र बर्हिगमन लगायतका कार्य गर्ने,
- निश्चित रकमसम्मको विदेशी लगानीको स्वीकृति र रकम विदेश फिर्ता लैजाने स्वीकृतिको लागि सहमति दिने र सो भन्दा माथिको लागि आवश्यक निर्णय गराउन सहजीकरण गर्ने,
- विदेशी लगानीकर्ता तथा कामदारलाई श्रम स्वीकृति र भिसा उपलब्ध गराउने,
- वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिको लागि आवश्यक सहजीकरण गर्ने,
- लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,
- स्थायी लेखा नम्बर तथा आयात निर्यात संकेत नम्बर प्रदान गर्ने,
- निकासी अनुदान उपलब्ध गराउने,
- एकल बिन्दु सेवा केन्द्रले आफुले सम्पादन गर्नुपर्ने काममा सहयोग पुऱ्याउन केन्द्रका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत संयोजक रहने गरी कार्यटोली वा उपसमिति बनाई कार्य गर्ने गराउने ।

५. यस बाहेक विदेशी ऋणसम्बन्धी प्रशासनिक कार्यहरुको हकमा विदेशी लगानी भएको नेपाली उद्योगले विदेशबाट लिने ऋण भए एकल बिन्दु सेवा केन्द्रमा अवस्थित विदेशी विनिमय सहजीकरण एकाइले र यी बाहेक अन्य उद्योग, कम्पनी, फर्म, संस्था तथा व्यक्तिहरुले विदेशबाट लिने ऋण भए यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग अन्तर्गतको प्रत्यक्ष वैदेशिक लगानी फाँटले आवश्यक सहजीकरण र स्वीकृति तथा लेखाङ्कन गर्ने कार्य सम्पादन गर्ने गरेको छ ।

## विदेशी लगानी तथा विदेशी ऋण सम्बन्धी कानूनी व्यवस्था

६. हाल विदेशी लगानी तथा विदेशी ऋणको सम्बन्धमा प्रचलित ऐनहरुमा मुख्य गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; औद्योगिक व्यवसाय ऐन, २०७६; विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ र सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ रहेका छन् । यी ऐनहरुसँग सम्बन्धित नियमावलीहरु विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७; औद्योगिक व्यवसाय नियमावली, २०७८; सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७; नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ लगायत रहेका छन् । हाल विदेशी लगानीमा स्थापना हुने बैंक तथा वित्तीय संस्था र यिनीहरुको शाखा कार्यालय खोल्न तथा संचालन गर्नका लागि स्वीकृति नेपाल राष्ट्र बैंकले, विदेशी लगानी हुने बीमा कम्पनीहरुका लागि स्वीकृति बीमा समितिले र विदेशी लगानी हुने रेटिङ्ग एजेन्सीहरुका लागि स्वीकृति नेपाल धितोपत्र बोर्डले प्रदान गर्ने प्रावधान रहेको छ । साथै, विद्यमान कानूनी व्यवस्था अनुरुप रु. ६ अर्ब वा सोभन्दा बढी लागत अनुमान गरिएका परियोजना भए सोको लागि लगानी स्वीकृति लगानी बोर्डले गर्ने र रु. ६ अर्बभन्दा कम लागत अनुमान गरिएका परियोजना अन्तर्गत त्यस्ता उद्योगमा हुने विदेशी लगानीको लागि उद्योग विभागले विदेशी लगानी स्वीकृत गर्ने व्यवस्था रहेको छ ।

## विदेशी लगानी तथा विदेशी ऋणको स्थिति

७. आर्थिक वर्ष २०७८/७९ मा विभिन्न उद्योगहरुलाई ५६ पटक गरी रु. ७ अर्ब ३४ करोड बराबरको विदेशी मुद्रा विदेशी लगानी बापत भित्र्याउने स्वीकृति प्रदान गरिएको छ । अघिल्लो वर्षको तुलनामा यो संख्या तथा रकम क्रमशः ५० प्रतिशत तथा ७९.७ प्रतिशतले कम रहेका छन् (**तालिका १**) ।

८. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ मार्फत शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानी बाहेक अन्य विदेशी लगानीको हकमा यस बैंकको पूर्वस्वीकृति लिन अनिवार्य नहुने र सो प्रकारको विदेशी लगानीका लागि नेपाल राष्ट्र बैंकलाई पूर्व जानकारी गराए पुग्ने व्यवस्था गरिएको छ । उक्त विनियमावली लागू भए पश्चात यस बैंकद्वारा प्रदान गरिने विदेशी लगानी बापतको विदेशी मुद्रा भित्र्याउने स्वीकृतिको संख्या तथा रकममा कमी आएको देखिन्छ ।

९. आर्थिक वर्ष २०७८/७९ मा विदेशी लगानी स्वीकृत गर्ने निकायबाट विदेशी लगानीका लागि स्वीकृति प्राप्त गरेका विभिन्न उद्योगहरुले कुल १२० पटक गरी यस बैंकलाई अनुमानित रु.९ अर्ब ६९ करोड बराबरको विदेशी मुद्रा विदेशी लगानी स्वरुप नेपाल भित्र्याउनका लागि पूर्व जानकारी गराएका छन् । अघिल्लो वर्ष सोही प्रकारका ५ वटा पूर्व जानकारीहरु मार्फत यस बैंकलाई अनुमानित रु.४२ करोड बराबरको विदेशी मुद्रा भित्र्याउने जानकारी प्राप्त भएको थियो (**तालिका १**) ।

**तालिका १ : नेपालमा विदेशी लगानी स्वीकृति तथा पूर्व जानकारीको स्थिति**

*(रु. करोडमा)*

| प्रयोजन | आ.व. २०७७/७८ | | आ.व.२०७८/७९ | | प्रतिशत परिवर्तन (%) | |
|---|---|---|---|---|---|---|
| | स्वीकृति वा पूर्व जानकारीको संख्या | ने.रु. बराबरको हुने रकम # | स्वीकृति वा पूर्व जानकारीको संख्या | ने.रु. बराबरको हुने रकम | स्वीकृति वा पूर्व जानकारीको संख्या | रकम |
| **१. विदेशी मुद्रा भित्र्याउन राष्ट्र बैंकलाई गरिने पूर्व जानकारी *** | ५ | ४१.५ | १२० | ९६९.३ | - | - |
| **२. विदेशी लगानी बापत विदेशी मुद्रा भित्र्याउने स्वीकृति** | ११२ | ३,६०९.३ | ५६ | ७३४.० | -५०.० | -७९.७ |
| २.१ स्वीकृति | ८० | ३,०९३.४ | ३७ | ७१२.० | -५३.८ | -७७.० |
| २.२ लगानी समर्थन ^ | ३२ | ५१५.८ | १९ | २२.० | -४०.६ | -९५.७ |
| **३. जम्मा (१+२)** | ११७ | ३,६५०.८ | १७६ | १,७०३.३ | ५०.४ | -५३.४ |

\# आर्थिक वर्षको अन्त्यमा कायम रहेको विनिमय दर (खरिद र बिक्री दरको औसत) लाई लिई गणना गरिएको

* २०७८ जेठ २५ मा यस बैंकले परिपत्र गरी जारी गरेको नेपाल राष्ट्र बैंक, विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ पश्चात मात्र पहिलो पटक स्वीकृत विदेशी लगानी बापतको विदेशी मुद्रा भित्र्याउनको लागि यो मार्ग उपलब्ध हुन गएको

^ विदेशी लगानी स्वीकृत गर्ने सम्बन्धित निकायबाट विदेशी लगानीको लागि स्वीकृति प्राप्त गरे पश्चात तर सो बापतको विदेशी मुद्रा भित्र्याउनको लागि यस बैंकको स्वीकृति नलिई भित्र्याइएका विदेशी लगानीका लागि यस बैंकद्वारा प्रदान गरिएको स्वीकृति समान समर्थन

१०. आर्थिक वर्ष २०७८/७९ मा विभिन्न उद्योगहरुको कुल ८० पटक गरी रु.१० अर्ब ८४ करोड बराबरको विदेशी लगानी लेखाङ्कन गरिएको छ । अघिल्लो वर्ष यसै प्रकारले कुल ८७ पटक गरी रु. २९ अर्ब ६७ करोड बराबरको विदेशी लगानी लेखाङ्कन गरिएको थियो । समीक्षा वर्षमा लेखाङ्कन गरिएको कुल रकममा पुनर्लगानी (बोनस शेयर) को हिस्सा बढेको छ (**तालिका २**) ।

**तालिका २ : नेपालमा विदेशी लगानी लेखाङ्कनको स्थिति**

*(रु. करोडमा)*

| प्रयोजन | आ.व. २०७७/७८ | | आ.व.२०७८/७९ | | प्रतिशत परिवर्तन (%) | |
|---|---|---|---|---|---|---|
| | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम# | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | संख्या | रकम |
| **१. विदेशी लगानी लेखाङ्कन** | **८७** | **२,९६७.३** | **८०** | **१,०८४.४** | **-८.१** | **-६३.५** |
| १.१ विदेशी लगानी बापत भित्रिएको विदेशी मुद्राको लेखाङ्कन | ७२ | २,८०८.० | ७३ | ६४९.६ | १.४ | -७६.९ |
| १.२ पुनर्लगानी (बोनस शेयर) लेखाङ्कन | १५ | १५९.३ | ७ | ४३४.८ | -५३.३ | - |

\# आर्थिक वर्षको अन्त्यमा कायम रहेको विनिमय दर (खरिद र बिक्री दरको औसत) लाई लिई गणना गरिएको

११. आर्थिक वर्ष २०७८/७९ मा विभिन्न उद्योग तथा कम्पनीहरुलाई कुल २९ पटक गरी रु. ४३ अर्ब ३ करोड बराबरको विदेशी मुद्रा ऋण स्वरुप भित्र्याउनका लागि स्वीकृति प्रदान गरिएको छ । अघिल्लो वर्ष कुल १७ पटक गरी रु.२८ अर्ब ६५ करोड बराबरको विदेशी मुद्रा भित्र्याउने स्वीकृति प्रदान गरिएको

थियो । समीक्षा वर्षमा कुल विदेशी ऋण भित्र्याउने स्वीकृतिमा यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लिने विदेशी ऋणको हिस्सा उल्लेख्य बढेको छ (**तालिका ३**) ।

**तालिका ३ : नेपालमा विदेशी ऋण भित्र्याउने स्वीकृतिको स्थिति**

*(रु.करोडमा)*

| प्रयोजन | आ.व. २०७७/७८ | | आ.व.२०७८/७९ | | प्रतिशत परिवर्तन (%) | |
|---|---|---|---|---|---|---|
| | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम# | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | संख्या | रकम |
| **१. विदेशी ऋण स्वीकृति** | **१७** | **२,८६४.९** | **२९** | **४,३०२.८** | **७०.६** | **५०.२** |
| १.१ बैंक तथा वित्तीय संस्थाले लिएको ऋण @ | ६ | १,३३३.२ | २० | ४,००८.१ | - | - |
| १.२ अन्यले लिएको ऋण | ११ | १,५३१.७ | ९ | २९४.७ | -१८.२ | -८०.८ |

\# आर्थिक वर्षको अन्त्यमा कायम रहेको विनिमय दर (खरिद र बिक्री दरको औसत) लाई लिई गणना गरिएको

@ यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लिएको विदेशी ऋण

१२. आर्थिक वर्ष २०७८/७९ मा विभिन्न उद्योग तथा कम्पनीहरुलाई कुल २५ पटक गरी रु.३९ अर्ब २ करोड बराबरको विदेशी ऋण लेखाङ्कन गर्नका लागि स्वीकृति प्रदान गरिएको छ । अघिल्लो वर्ष १२ पटक गरी कुल रु.६ अर्ब ३१ करोड बराबरको विदेशी ऋण लेखाङ्कन स्वीकृति प्रदान गरिएको थियो (**तालिका ४**) ।

**तालिका ४ : नेपालमा विदेशी ऋण लेखाङ्कनको स्थिति**

*(रु.करोडमा)*

| प्रयोजन | आ.व. २०७७/७८ | | आ.व.२०७८/७९ | | प्रतिशत परिवर्तन(%) | |
|---|---|---|---|---|---|---|
| | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम# | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | संख्या | रकम |
| **१. विदेशी ऋण लेखाङ्कन** | **१२** | **६३०.७** | **२५** | **३,९०२.२** | **-** | **-** |
| १.१ बैंक तथा वित्तीय संस्थाले लिएको ऋण | ४ | ५३८.२ | ९ | १,७७२.२ | - | - |
| १.२ अन्यले लिएको ऋण | ८ | ९२.५ | १६ | २,१३०.० | १०० | - |

\# आर्थिक वर्षको अन्त्यमा कायम रहेको विनिमय दर (खरिद र बिक्री दरको औसत) लाई लिई गणना गरिएको

१३. आर्थिक वर्ष २०७८/७९ मा विदेशी लगानी तथा ऋणसँग सम्बन्धित विभिन्न प्रकारका १८८ वटा फिर्ता भुक्तानीहरुका लागि कुल रु. २२ अर्ब ५६ करोड बराबरको सटही स्वीकृति प्रदान गरिएको छ । अघिल्लो वर्ष सोही प्रकारका १६२ वटा फिर्ता भुक्तानीहरुका लागि कुल रु. ३७ अर्ब २० करोड बराबरको सटही स्वीकृति प्रदान गरिएको थियो । विदेशी लगानी तथा ऋणसँग सम्बन्धित विभिन्न प्रकारका फिर्ता भुक्तानीमध्ये लाभांश फिर्ता बापतको भुक्तानीमा ३९.६ प्रतिशतले कमी आई यस वर्षका लागि रु. १५ अर्ब ७५ करोड कायम भएको छ । साथै, कुल फिर्ता भुक्तानीमा ठूलो अंश ओगट्ने अन्य दुई शीर्षकहरु : ऋणको साँवा तथा ब्याज भुक्तानी र प्रविधि हस्तान्तरण बापतको भुक्तानीमा समेत क्रमश: २७.३

प्रतिशत र ७ प्रतिशतले कमी आई समीक्षा वर्षमा रु. २ अर्ब २६ करोड र रु. ३ अर्ब ५९ करोड फिर्ता भुक्तानी भएको छ (**तालिका ५**)।

**तालिका ५ : नेपालमा विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित फिर्ता भुक्तानीको स्थिति**

*(रु.करोडमा)*

| प्रयोजन | आ.व. २०७७/७८ | | आ.व.२०७८/७९ | | प्रतिशत परिवर्तन (%) | |
|---|---|---|---|---|---|---|
| | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम # | स्वीकृतिको संख्या | ने.रु. बराबरको हुने रकम | संख्या | रकम |
| **१. फिर्ता भुक्तानी** | **१६२** | **३,७२०.४** | **१८८** | **२,२५५.६** | **१६.१** | **-३९.४** |
| १.१ साँवा तथा ब्याज | २० | ३११.३ | १३ | २२६.४ | -३५.० | -२७.३ |
| १.२ नगद लाभांश | ३८ | २,६०७.७ | ४५ | १,५७५.० | १८.४ | -३९.६ |
| १.३ प्रविधि हस्तान्तरण | ९४ | ३८५.४ | ११४ | ३५८.५ | २१.३ | -७.० |
| १.४ शेयर बिक्री | २ | ४१.१ | ११ | ७८.६ | - | ९१.२ |
| १.५ अन्य % | ८ | ३७४.९ | ५ | १७.१ | -३७.५ | -९५.४ |

# आर्थिक वर्षको अन्त्यमा कायम रहेको विनिमय दर (खरिद र बिक्री दरको औसत) लाई लिई गणना गरिएको

% जस्तै विनिमय दरको उतार चढाव लगायतका कारणले गर्दा स्वीकृत सीमाभन्दा केही अधिक हुने गरी भित्रिएको विदेशी लगानी बापतको विदेशी मुद्राको फिर्ता भुक्तानी स्वीकृति, स्वीकृत विदेशी ऋणसँग सम्बन्धित विभिन्न प्रकारका शुल्कहरुको भुक्तानी, आदि ।

# Annex: Foreign Investment and Foreign Loan Statistics For Nepal

## Annex 1:

## Pre-notification and Approval for Foreign Investment Inflow in Nepal

Amount in Million

| Particulars | Fiscal Year 2020/21 | | | | | Fiscal Year 2021/22 | | | | | Percentage Change (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Numberof Approvals | Amount | | | | Numberof Approvals | Amount | | | | No. of Approvals | Amount | | | |
| | | NPR | USD | INR | Equivalent NPR wrt other FCY[1] | | NPR | USD | INR | Equivalent NPR wrt other FCY | | NPR | USD | INR | Equivalent NPR wrt other FCY |
| **1. Pre-Notification For Foreign Investment Inflow [2]** | **5** | **415.1** | **0.0** | **0.0** | **0.0** | **120** | **6,319.3** | **26.4** | - | - | - | - | - | - | - |
| **2. Approval for Foreign Investment Inflow** | **112** | **33,162.6** | **24.6** | 0.0 | 0.0 | **56** | **7,340.3** | 0.0 | 0.0 | 0.0 | **-50.0** | **-77.9** | **-100.0** | **-** | **-** |
| 2.1 Approval | 80 | 28,006.5 | 24.6 | 0.0 | 0.0 | 37 | 7,119.8 | 0.0 | 0.0 | 0.0 | -53.8 | -74.6 | -100.0 | - | - |
| 2.2 Acceptance or Ratification [3] | 32 | 5,156.1 | 0.0 | 0.0 | 0.0 | 19 | 220.5 | 0.0 | 0.0 | 0.0 | -40.6 | -95.7 | - | - | - |
| **3. Total (1+2)** | **117** | **33,577.7** | **24.6** | 0.0 | 0.0 | **176** | **13,659.6** | **26.4** | 0.0 | 0.0 | **50.4** | **-59.3** | **7.2** | - | - |

1. *NPR equivalent of approval or pre-notification denominated in foreign currencies other than USD and INR*
   *Calculated as the Average of relevant buy & sell rates as on mid July 2022 and mid July 2021 respectively.*

2. *Nepal Rastra Bank Foreign Investment and Foreign Loan Management ByLaw, 2078 was brought into effect via NRB circular on 2021.06.08 (2078.02.25) after which NRB's approval (mandatory before this) was no longer required to bring in certain types of foreign investments, i.e. those which do not involve proportionate change in foreign investment receipient industry's shareholding structure (e.g in greenfield Foreign Investment). Instead, pre-notification to NRB would be sufficient to remit Foreign Investment money into Nepal.*
   *As a result, there has been a remarkable decline in the number of Foreign Investment inflow approvals given by NRB in FY 2021/22. At the same time, a new heading, entitled '(NRB) Pre-notification for Foreign Investment inflow' has arisen.*

3. *Acceptance or Ratification refers to post transaction acceptance or ratification of foreign currency brought into Nepal as foreign equity investment without the approval of NRB (but after foreign investment approval by relevant approving authority).*

# Annex 2:

## Foreign Investment Recording in Nepal

Amount in Million

| Particulars | Fiscal Year 2020/21 | | | | | Fiscal Year 2021/22 | | | | | Percentage Change (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | |
| | | NPR | USD | INR | Equivalent NPR wrt other FCY[1] | | NPR | USD | INR | Equivalent NPR wrt other FCY | | NPR | USD | INR | Equivalent NPR wrt other FCY |
| **1. Foreign Investment Recording** | **87** | **29,673.5** | 0.0 | 0.0 | 0.0 | **80** | **10,843.5** | **0.00** | **0.00** | **0.00** | **-8.0** | **-63.5** | **-** | **-** | **-** |
| 1.1 Recording of FCY Inflow | 72 | 28,080.1 | 0.0 | 0.0 | 0.0 | 73 | 6,495.6 | 0.00 | 0.00 | 0.00 | 1.4 | -76.9 | - | - | - |
| 1.2 Recording of Bonus Share | 15 | 1,593.4 | 0.0 | 0.0 | 0.0 | 7 | 4,347.8 | 0.00 | 0.00 | 0.00 | -53.3 | - | - | - | - |

1. *NPR equivalent of foreign investment recording denominated in foreign currencies other than USD and INR Calculated as the Average of relevant buy & sell rates as on mid July 2022 and mid July 2021 respectively.*

# Annex 3:
# Foreign Loan Approval in Nepal

Amount in Million

| Particulars | Fiscal Year 2020/21 | | | | | Fiscal Year 2021/22 | | | | | Percentage Change (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | |
| | | NPR | USD | INR | Equivalent NPR wrt other FCY[1] | | NPR | USD | INR | Equivalent NPR wrt other FCY | | NPR | USD | INR | Equivalent NPR wrt other FCY |
| **1. Foreign Loan Approval** | **17** | **0.0** | **239.6** | **70.0** | **14.6** | **29** | **156.8** | **324.5** | **-** | **1,391.4** | **70.6** | **-** | **35.4** | **-** | **-** |
| 1.1 Borrowing by BFIs | 6 | 0.0 | 112.0 | 0.0 | 0.0 | 20 | 0.0 | 313.6 | 0.0 | - | - | - | - | - | - |
| 1.2 Borrowing by Others | 11 | 0.0 | 127.6 | 70.0 | 14.6 | 9 | 156.8 | 10.9 | 0.0 | 1,391.4 | -18.2 | - | -90.3 | - | - |

1. *NPR equivalent of foreign loan approval denominated in foreign currencies other than USD and INR Calculated as the Average of relevant buy & sell rates as on mid July 2022 and mid July 2021 respectively.*

# Annex 4:
# Foreign Loan Recording in Nepal

Amount in Million

| Particulars | Fiscal Year 2020/21 | | | | | Fiscal Year 2021/22 | | | | | Percentage Change (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | |
| | | NPR | USD | INR | Equivalent NPR wrt other FCY[1] | | NPR | USD | INR | Equivalent NPR wrt other FCY | | NPR | USD | INR | Equivalent NPR wrt other FCY |
| **1. Foreign Loan Recording** | **12** | **648.8** | **47.3** | **0.0** | **21.6** | **25** | **28.4** | **246.6** | **4,675.0** | **0.0** | **-** | **-** | **-** | **-** | **-** |
| 1.1 Borrowing by BFIs | 4 | 0.0 | 45.2 | 0.0 | 0.0 | 9 | 0.0 | 138.7 | 0.0 | 0.0 | - | - | - | - | - |
| 1.2 Borrowing by Others | 8 | 648.8 | 2.1 | 0.0 | 21.6 | 16 | 28.4 | 107.9 | 4,675.0 | 0.0 | 100.0 | -99 | - | - | - |

1. *NPR equivalent of foreign loan recording denominated in foreign currencies other than USD and INR Calculated as the Average of relevant buy & sell rates as on mid July 2022 and mid July 2021 respectively.*

# Annex 5:

## Repatriation Related to Foreign Investment and Foreign Loan in Nepal

Amount in Million

| Particulars | Fiscal Year 2020/21 | | | | | Fiscal Year 2021/22 | | | | | Percentage Change (%) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | | No. of Approvals | Amount | | | |
| | | NPR | USD | INR | Equivalent NPR wrt other FCY[1] | | NPR | USD | INR | Equivalent NPR wrt other FCY | | NPR | USD | INR | Equivalent NPR wrt other FCY |
| **1. Repatriation** | **162** | **29,943.0** | **57.2** | **216.8** | **107.8** | **188** | **19,139.5** | **19.2** | **598.9** | **0.0** | **16.0** | **-36.1** | **-66.4** | **-** | **-100.0** |
| 1.1 Principal and Interest | 20 | 108.8 | 25.2 | 0.0 | 0.0 | 13 | 300.9 | 15.4 | 0.0 | 0.0 | -35.0 | - | -39.1 | - | - |
| 1.2 Cash Dividend | 38 | 26,076.6 | 0.0 | 0.0 | 0.0 | 45 | 15,750.1 | 0.0 | 0.0 | 0.0 | 18.4 | -39.6 | - | - | - |
| 1.3 Technology Transfer | 94 | 3,188.0 | 1.8 | 216.1 | 107.3 | 114 | 2,302.4 | 2.5 | 598.9 | 0.0 | 21.3 | -27.8 | 41.5 | - | -100.0 |
| 1.4 Equity Sale | 2 | 411.3 | 0.0 | 0.0 | 0.0 | 11 | 786.2 | 0.0 | 0.0 | 0.0 | - | 91.2 | - | - | - |
| 1.5 Others | 8 | 158.2 | 30.2 | 0.7 | 0.4 | 5 | 0.0 | 1.3 | 0.0 | 0.0 | -37.5 | -100.0 | -95.6 | -100.0 | -100.0 |

1. *NPR equivalent of repatriation denominated in foreign currencies other than USD and INR*
   *Calculated as the Average of relevant buy & sell rates as on mid July 2022 and mid July 2021 respectively.*

## Annex 6:

## Total Record of Foreign Investment & Foreign Loan in Nepal

Rs. in Million

| Particulars | Upto Mid July2021 | During Fiscal Year 2021/22 | Upto Mid July 2022 |
|---|---|---|---|
| **1. Approval for Foreign Investment Inflow** | **197,604.5** | **7,340.3** | **204,944.8** |
| **2. Foreign Investment Recording** | **107,992.2** | **10,843.5** | **118,835.7** |
| **3. Foreign Loan Approval** | **266,905.6** | **43,028.0** | **309,933.6** |
| 3.1 Borrowing by Non-BFIs | 235,291.7 | 2,946.8 | 238,238.5 |
| 3.2 Borrowing by BFIs | 31,613.9 | 40,081.2 | 71,695.2 |
| **4. Foreign Loan Recording** | **57,436.5** | **39,022.2** | **96,458.7** |
| 4.1 Borrowing by Non-BFIs | 43,233.3 | 21,299.9 | 64,533.2 |
| 4.2 Borrowing by BFIs | 14,203.2 | 17,722.3 | 31,925.5 |
| **5. Repatriation** | **173,581.2** | **22,555.9** | **196,137.0** |
| 5.1 Principal and Interest | 22,320.6 | 2,263.6 | 24,584.2 |
| 5.2 Cash Dividend | 135,328.4 | 15,750.1 | 151,078.5 |
| 5.3 Technology Transfer | 5,883.6 | 3,584.6 | 9,468.2 |
| 5.4 Equity Sale | 4,353.6 | 786.2 | 5,139.8 |
| 5.5 Others | 5,695.0 | 171.4 | 5,866.4 |

**Notes:**

1. Data pertaining to approval (including pre-notification), recording and repatriation are significantly different in nature and therefore might not be directly comparable.

2. The system of Pre-notifying the NRB to bring in foreign investment (in certain cases) was introduced on June 8, 2021 via NRB circular after which NRB's approval (mandatory before this) was no longer required for foreign investments which did not involve proportionate change in foreign investment receipient industry's shareholding structure (e.g in greenfield Foreign Investment). Therefore, for a more accurate comparison over time of the amount of FCY inflows administered by the NRB pertaining to approved foreign investment, it seems necessary to compare the totality of foreign investment (inflow) approvals as well as NRB pre-notification for foreign investment inflow.

3. In case of foreign investment which involves investment made at a premium or discount (compared to the face or par value per share), foreign investment (inflow) approval data reflects the transaction price (i.e. for example par value plus premium). However, recording data for the same reflects only the total value based on face or par value per share. This is because of the format of the recording table used by NRB which primarily records the number of shares (at par value) and keeps record of the premium paid (or discount) for foreign investment in footnote.